# NFRJ प्रथम राष्ट्रिय बाल न्याय अभ्यास अदालत प्रतियोगिता, २०८१

NFRJ First National Moot Court Competition on Juvenile Justice, 2024

कार्तिक ३० र मङ्सिर १ गते, २०८१ | 15-16 November 2024

आयोजकः नेपाल फोरम फर रेष्टोरेटिभ जस्टिस | Nepal Forum for Restorative Justice

शैक्षिक साझेदारः नेश्नल ल कलेज | National Law College

---

## पृष्ठभूमि

नेपाल पुनर्स्थापकीय न्याय मञ्च (Nepal Forum for Restorative Justice) स्थापनाकालदेखि नै पुनर्स्थापकीय न्याय, संवाद र शान्ति निर्माणका लागि न्यायिक तथा गैर न्यायिक क्षेत्रमा न्याय र द्वन्द्व रूपान्तरणको लागि पछिल्लो समय अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय तहमा सर्वाधिक प्रचलित एवम् प्रयोग भइरहेको पुनर्स्थापकीय न्यायका सिद्धान्त, पद्धति, अभ्यास, विकास र प्रवर्द्धनका लागि कार्यरत नेपालको पहिलो गैर नाफामूखी एवम् गैर सरकारी संस्था हो ।

शुरुवाती समयदेखि नै यस संस्थाले पुनर्स्थापकीय न्यायको सिद्धान्त र अभ्यासको प्रवर्द्धनमा स्थानीय समुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अभियानका रूपमा काम गर्दै आएको छ ।पछिल्लो समय न्यायका नयाँ आयामहरूमा काम गर्ने शिलशिलामा गत जेठ २५, २०८१ बाट यस संस्थाले बाल सुधार गृह, भक्तपुरसँगको सहकार्यमा सुधार गृहमा रहेका बालबालिकाहरूका लागि सुधारात्मक र पुनर्स्थापकीय न्यायका कार्यक्रमहरू गरिरहेको छ साथै ललितपुर जिल्ला अदालतमा रहेर प्रोवेशन सहयोगको काम गरिरहेको छ। यसका साथै विश्वविद्यालय, क्याम्पस, विद्यालय र शैक्षिक संस्थाहरू न्यायको पुनर्परिकल्पना गर्न र न्यायका नयाँ अवधारणाहरूबारे छलफल गर्नका लागि अत्यावश्यक निकायहरू हुन् भन्ने विश्वास राख्दछ । भविष्यका न्यायकर्मीहरू, मानव अधिकारकर्मीहरू, कानुन व्यवसायीहरू, न्यायाधीशहरू, सांसदहरू र नीति निर्माताहरू यी शैक्षिक यी संस्थाहरूमा अध्ययन गरिरहेका हुनाले न्यायमा नवीनतम विचार प्रस्तुत गरी आफ्नो तर्क राख्न सक्ने विद्यार्थीहरूलाई अवसरहरू सृजना गर्ने प्रयास यस संस्थाले गर्न खोजिरहेको छ ।

यसै सन्दर्भमा मिति २०८१ साल कार्तिक ३० र मङ्सिर १ गते नेपालमा पहिलो पटक राष्ट्रिय स्तरको बाल न्यायमा केन्द्रित अभ्यास अदालत प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको छ । यस **NFRJ प्रथम राष्ट्रिय बाल न्याय अभ्यास अदालत प्रतियोगिता**ले बाल न्यायको क्षेत्रमा पुनर्स्थापकीय न्यायजस्ता नवीनतम अवधारणाहरू प्रवर्तन गर्ने अपेक्षा राखिएको छ।

यस प्रथम राष्ट्रिय बाल न्याय अभ्यास अदालत प्रतियोगिता, २०८१ नेपाल फोरम फर रेष्टोरेटिभ जस्टिस (Nepal Forum for Restorative Justice) द्वारा नेश्नल ल कलेज (National Law College) सँगको साझेदारीमा आयोजना गर्न लागिएको हो ।

**महत्त्वपूर्ण मितिहरू**

| | |
|---|---|
| आवेदन खुला हुने र मुद्दाको तथ्य र विवरण प्रकाशन गरिने दिन | भदौ ०९, २०८१ |
| क्याम्पस/कलेज/विश्वविद्यालयले नाम दर्ता गर्न सक्ने अन्तिम दिन | असोज १५, २०८१ |
| स्पष्टिकरणका लागि प्रश्न पठाउन सक्ने दिन | असोज २५, २०८१ |
| स्पष्टिकरण प्रकाशन गरिने दिन | असोज ३०, २०८१ |
| टिम दर्ता गर्ने अन्तिम दिन | कार्तिक ०१, २०८१ |
| पुनरावेदन पत्र र बहसनोट पेश गर्ने अन्तिम दिन | कार्तिक ०९, २०८१ |
| बहसका लागि छनोट भएका टिमको नतिजा प्रकाशन हुने दिन | कार्तिक २३, २०८१ |
| प्रथम चरण र अनुसन्धाता (रिसर्चर) परीक्षा | कार्तिक ३०, २०८१ |
| सेमिफाइनल, अन्तिम चरण र समापन कार्यक्रम | मङ्सिर १, २०८१ |

## १. मिति

यो प्रतियोगिता २०८१ साल कार्तिक ३० गते देखि मङ्सिर ०१ गते सम्म नेश्नल ल कलेज, सानेपा, ललितपुरमा हुनेछ।

## २. पुरस्कार र सम्मान

- प्रथमः रू.४०,०००
- द्वितीयः रू.२०,०००
- उत्कृष्ठ पुनरावेदन पत्र र बहस नोटः रू. १०,०००
- उत्कृष्ठ अनुसन्धाता (रिसर्चर): रू.१०,०००
- उत्कृष्ठ वक्ताः रू.१०,०००
- सबै प्रतियोगीहरूलाई प्रमाणपत्र प्रदान गरिने छ।

## ३. भाषा

यस प्रतियोगिताको आधिकारिक भाषा नेपाली हुनेछ।

## ४. प्रतियोगिताको चरण

क) प्रथम चरण

ख) अनुसन्धाता (रिसर्चर) परीक्षण

ग) सेमिफाइनल

घ) अन्तिम चरण

## ५. प्रतियोगितामा दर्ता प्रक्रिया

क) "NFRJ प्रथम राष्ट्रिय बाल न्याय अभ्यास अदालत प्रतियोगिता, २०८१" मा भाग लिन इच्छुक टिमहरूले गुगल फारम (Google Form) बाट नाम दर्ता गर्नु पर्ने छ। इमेल मार्फत दर्ता गर्दा कलेज/विश्वविद्यालय/क्यामपस वा क्यामपसको आधिकारिक Moot Court वा ECA कमिटीको इमेलबाट दर्ता गर्नु पर्ने छ । **हरेक शैक्षिक संस्थाबाट एउटा मात्र टिम सहभागी हुन पाउनेछ। प्रत्येक टिममा एक रिसर्चर र दुई जना वक्ता गरी ३ जनाको टिम हुनेछ।**

ख) कलेज वा विश्वविद्यालयले आन्तरिक प्रतियोगिता गरी टिमको नाम पठाउनु पर्नेछ ।यसको लागि कार्तिक ०१, २०८१ गते भित्र विद्यार्थीहरूको नाम दर्ता गर्न सकिनेछ तर सहभागितामा सुनिश्चितताको लागि कलेज/विश्वविद्यालय/क्याम्पसले आफ्नो नाम असोज १५, २०८१ भित्र नै दर्ता गर्नु पर्नेछ।
फारम लिङ्कः शैक्षिक संस्था दर्ता फारम

यसलाई सहभागी संस्था/कलेज/विश्वविद्यालयको अन्तिम दर्ता मानिनेछ।

ग) कार्तिक ०१, २०८१ गते भित्र प्रतियोगी विद्यार्थीहरूले आफ्नो टिमको कोड नाम सहित आफ्नो विवरण बुझाइ टिमको नाम दर्ता गराउनुपर्नेछ।
फारम लिङ्कः टिम दर्ता फारम

घ) पुनरावेदन पत्र र बहसनोटका आधारमा जम्मा १० वटा टिमको छनोट हुनेछ र बहसका लागि छनोट भएका टिमको नाम कार्तिक २३, २०८१ मा वेबसाईटमा प्रकाशन गरी इमेल मार्फत सबै विधार्थी प्रतियोगीहरूलाई जानकारी गराइनेछ।

## ६. पुनरावेदन पत्र र बहसनोट

क) हरेक टिमले नेपाल सरकार (पक्ष) र प्रतिवादी (विपक्ष) दुवैको तर्फबाट पुनरावेदन पत्र र बहसनोट पठाउनु पर्ने छ।

ख) इमेल मार्फत पुनरावेदन पत्र र बहसनोट पठाउँदा MS word.doc/.doc र pdf, दुवै ढाँचामा पठाउनु पर्नेछ।सबै दर्ता टिमहरूले पुनरावेदन र बहसनोटको soft copy इमेल मार्फत मिति २०८१ साल कार्तिक ०९ गते, राति ११:५९ बजेसम्म पठाइसक्नुपर्ने छ। मार्फतः programs@nepalrestorativejustice.org

ग) इमेल मार्फत पठाउने फाइलको नामकरण गर्दा पक्ष विपक्ष खुलाई आफ्नो टिमको कोड नाम सहित राख्नु पर्नेछ। जस्तैः पुनरावेदन_पक्ष_सयपत्री, बहसनोट_विपक्षी_सयपत्री

घ) मिति २०८१ साल कार्तिक ०९ गते पश्चात पठाइएको पुनरावेदन पत्र र बहसनोट मान्य हुने छैन र टिम प्रतियोगिताको लागि अयोग्य हुनेछ।

ङ) पुनरावेदनको ढाँचा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-४५ बमोजिमको हुनुपर्ने छ। बहसनोटको कुनै आधिकारिक ढाँचा छैन। हरेक टिमले पुनरावेदन र बहसनोटको ६ प्रति कार्तिक ३० गते बिहान दर्तामा बुझाउनु पर्ने छ।

च) नेपाल सरकारको तर्फबाट बुझाउने पुनरावेदन पत्र र बहसनोटको कभर पृष्ठ रातो रङको हुनुपर्ने छ र विपक्षीको तर्फबाट बुझाउनु पर्नेमा सादा कागजको कभर पृष्ठ हुनुपर्ने छ।

छ) कभर पृष्ठमा टिम कोड, अदालतको नाम, पक्ष विपक्षको नाम र आफू पक्ष वा विपक्षी भएको विवरण खुलाउनु पर्ने छ।

ज) पहिलो चरणको लागि आफ्नो पक्ष वा विपक्षको पुनरावेदन पत्र र बहसनोट कार्तिक २९ गते इमेल मार्फत टिमलाई पठाइनेछ।

## ७. मूल्याङ्कन मापदण्ड

### (क) लिखित कागजातहरूका लागि

| क.सं. | अंकको मापदण्ड | अधिकतम अंक |
|---|---|---|
| १ | कानून र तथ्यको ज्ञान | २० |
| २ | कानूनको व्यख्या र तथ्यहरूको प्रयोग | २० |
| ३ | अनुसन्धान र साइटेसन | १० |
| ४ | तर्कहरूको स्पष्टता र व्यवस्थापन | २० |
| ५ | नवीनता | १० |
| ६ | लिखत प्रस्तुति शैली र ढाँचा | २० |
| | **जम्मा** | **१००** |

### (ख) बहसकलाको लागि

| क.सं. | अंकको मापदण्ड | अधिकतम अंक |
|---|---|---|
| १ | कानून र तथ्यको ज्ञान | २० |
| २ | कानूनको व्याख्या र तथ्यहरूको प्रयोग | २० |
| ३ | प्रश्नहरूको जवाफ | १० |
| ४ | तर्कहरूको स्पष्टता र प्रस्तुति | १० |
| ५ | बहसकला र रचनात्मकता | १० |
| ६ | पुनरावेदन पत्र र बहसनोटको जिकिर | १० |
| ७ | अदालती शैली, अनुशासन र समय व्यवस्थापन | २० |
| | **जम्मा** | **१००** |

## ७. पुनरावेदन पत्र र बहसनोटको ढाँचा

- फन्टः कोकिला
- साइजः १६
- लाइन स्पेसिङः १
- एलाइमन्ट (Alignment): साधारण
- कागजः A4

- मार्जिनः सबैतिर १ इन्च
- पृष्ठ नम्बरहरूः प्रत्येक पृष्ठमा पृष्ठ नम्बरहरू राखु गर्नुपर्नेछ
- साइटेसनः Bluebook

## ८. पोशाक

सबै प्रतियोगीहरूले देहाय बमोजिमको पोशाक लगाउनु पर्नेछः

(क) पुरूष प्रतियोगीहरूले कालो पाइन्ट, कालो कोट, सेतो सर्ट, कालो जुत्ता।
(ख) महिला प्रतियोगीहरूले कालो पाइन्ट, कालो कोट, सेतो सर्ट र कालो जुत्ता वा सादा रङको साडी, कालो कोट र कालो जुत्ता।

## ९. योग्यता

नेपालको जुनसुकै विश्वविद्यालय वा विश्वविद्यालयसँग आवद्ध भएका क्याम्पस, कलेजहरूमा B.A LLB, BBM LLB, BEC LLB अध्ययनरत विद्यार्थीहरू।

## १०. बहसकलाका नियमहरू

क) बहस नेपाली भाषामा हुनेछ।
ख) बहस सुरूवात अगावै हरेक वक्ताले आफूले लिने समय इजलास अधिकृतलाई सूचित गर्नेछन्।
ग) प्रत्येक टिमलाई आफ्नो बहस प्रस्तुत गर्न प्रारम्भिक चरणमा २५ मिनेट, सेमिफाइनलमा २५ मिनेट र फाइनलको लागि ३० मिनेटको समय छुट्टाइएको छ। प्रश्नहरूको जवाफ दिँदा समय गणना हुने छैन।
घ) प्रत्येक वक्ताको समयको विभाजन वक्ताहरूले आफैले गर्नुपर्नेछ।
ङ) प्रथम चरण चलिरहेको क्रममा अनुसन्धाता (रिसर्चर) परीक्षा हुनेछ । त्यसैले अनुसन्धाता (रिसर्चर) पहिलो चरणमा इजलासमा उपस्थित हुन पाइने छैन भने सेमिफाइनल र अन्तिम बहस चरणमा आफ्नो टिमसँग इजलासमा उपस्थित हुनु पर्ने छ। तथापि श्रीमानहरूको अनुमति बिना कुनै अनुरोध वा जिकिर प्रस्तुत गर्न पाइने छैन।
च) मोबाइल फोन र ल्यापटप बहसको समयमा इजलासभित्र प्रयोग गर्न पाइने छैन।
छ) टिमले सम्पूर्ण अवधिको लागि आफ्नो शैक्षिक संस्थाको नाम खुलाउन पाइने छैन। आफ्नो टिम कोडले नै आफ्नो परिचय गर्नुपर्ने छ। जस्तैः टिम सयपत्री
ज) माथि उल्लेखित नियमहरूको उल्लङ्घन गरेमा प्रतिस्पर्धाको लागि टिम अयोग्य हुनेछ।

## ११. अनुसन्धाता (रिसर्चर) परीक्षाका नियमहरू

क) प्रतियोगिताको लागि अनुसन्धाताको परीक्षा कार्तिक ३० गते बिहान हुनेछ।
ख) परीक्षाको लागि स्थान प्रतियोगिताको स्थल (नेश्नल ल कलेज) हुनेछ।
ग) प्रत्येक टिमबाट अनुसन्धाताले मात्र परीक्षा दिन पाइनेछ।

घ) परीक्षामा मुद्दाको समस्या, मुद्दा प्रस्तावमा लागू हुने कानूनसँग र बालन्याय सम्बन्धित प्रश्नहरू सोधिनेछ।

## १२. प्रथम चरण

क) प्रथम चरण गोलाप्रथापछि सञ्चालन गरिनेछ, जसमा टिमहरू गोलाप्रथाको छनोटको आधारमा हुनेछन्।
ख) निवेदक/पक्ष वा निवेदक/विपक्षीको रूपमा उपस्थित भई बहस गर्नुपर्नेछ।
ग) २५ मिनेट छुट्याइएको समयमा बढीमा ३ मिनेट खण्डनका लागि आरक्षण गर्नुपर्नेछ। अधिक समयका लागि श्रीमान समक्ष निवेदन गर्न सकिनेछ।

## १३. सेमिफाइनल चरण

क) शीर्ष ४ टिम मात्र सेमिफाइनलमा पुग्नेछन्, जसमा गोलाप्रथाको आधारमा टिमले या त निवेदक/पक्ष वा निवेदक/विपक्षको रूपमा उपस्थित भई बहस गर्नुपर्नेछ।
ख) कुल अंकित समय २५ मिनेटको हुनेछ। र, बढीमा पनि ३ मिनेट समय खण्डनका लागि आरक्षण गर्नुपर्नेछ। अधिक समयका लागि श्रीमान समक्ष निवेदन गर्न सकिनेछ।

## १४. अन्तिम चरण

क) शीर्ष २ टिम मात्र अन्तिम चरणमा पुग्नेछन्, जसमा गोलाप्रथाका आधारमा टिमहरू निवेदक/पक्ष वा निवेदक/विपक्ष प्रस्तुत हुनेछन्।
ख) प्रत्यके टिमलाई बहस प्रस्तुत गर्न ३० मिनेटको समय प्रदान गरिनेछ र सोही समयमा बढीमा ४ मिनेट खण्डनका लागि आरक्षण गर्नुपर्ने छ। अधिक समयका लागि श्रीमान समक्ष निवेदन गर्न सकिनेछ। टिमहरूले समान अङ्क ल्याएमा पुनरावेदन पत्र र बहसनोटको अंक समेत ध्यानमा राखिनेछ।

## १५. नतिजा

प्रत्येक चरणको नतिजा प्रत्येक चरण सकिएपछि घोषणा गरिनेछ। अन्तिम चरणको नतिजा र अन्य पुरस्कारहरू समापन समारोहमा घोषणा गरी प्रदान गरिनेछ।

---


**कविता लुइटेल, कार्यक्रम संयोजक**
नेपाल फोरम फर रेष्टोरेटिभ जस्टिस
हाँडिगाउँ -५, काठमाडौं, बागमती, नेपाल
फोनः +९७७-१ ४५४०५८७ | ईमेल : nfrj@nepalrestorativejustice.org
वेबसाइटः www.nepalrestorativejustice.org